अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०८०।०२।१२ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये परीक्षाको परिणाम फेरबदल र घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०२।१२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

**<u>देहायः</u>**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | त्रि.वि. सेवा आयोगका अध्यक्ष चैतन्य प्रसाद शर्मा, सदस्य चिन्तामणी पोखरेल, आयोगको कार्यालयका प्रशासन प्रमुख परशुराम कोईराला, मुख्य कार्यालय सहायक बच्चुराम पाण्डे, आयोगका कर्मचारी ईन्दिरा तिवारी भन्तना, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक टेकनाथ ढकाल, प्राध्यापक गोविन्द ढकाल, सह-प्राध्यापक राजेश्वर न्यौपाने, सह-प्राध्यापक तारा प्रकाश पौडेल र राम बहादुर पाण्डे क्षेत्री (वि.अ. को मु.नं. ०७५-CR-०३४८, वि.अ. को फैसला मिति २०७९।०६।०४ | परीक्षाको परिणाम फेरबदल गर्ने गराउने काम गरी भ्रष्टाचार गरेको। | त्रि.वि. सेवा आयोगका अध्यक्ष चैतन्य प्रसाद शर्मा, सदस्य चिन्तामणी पोखरेल, आयोगको कार्यालयका प्रशासन प्रमुख परशुराम कोईराला, मुख्य कार्यालय सहायक बच्चुराम पाण्डे, आयोगका कर्मचारी ईन्दिरा तिवारी भन्तना, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक टेकनाथ ढकाल, प्राध्यापक गोविन्द ढकाल, सह-प्राध्यापक राजेश्वर न्यौपाने, सह-प्राध्यापक तारा प्रकाश पौडेल र राम बहादुर पाण्डे क्षत्री गरी दश जनाले पदीय मर्यादा अनुरुप आफुले पूरा गर्नुपर्ने दायित्व पुरा नगरी उक्त पदहरुको लिखित परीक्षाको परिणाममा फेरबदल गरे गराएको देखिन आएको र निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १३ को कसूर अपराध हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १३ बमोजिम सजायँ हुन मागदावी लिई त्रि.वि. सेवा आयोगका अध्यक्ष चैतन्य प्रसाद शर्मा, सदस्य चिन्तामणी पोखरेल, आयोगको कार्यालयका प्रशासन प्रमुख परशुराम कोईराला, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक टेकनाथ ढकाल र प्राध्यापक गोविन्द ढकाललाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २४ बमोजिम थप सजायँको समेत मागदावी लिईएको । | **<u>फैसलाः</u>**<br>प्रतिवादीहरु परशुराम कोईराला, बच्चुराम पाण्डे, टेकनाथ ढकाल, राजेश्वर न्यौपाने, ईन्दिरा तिवारी भन्तना र राम वहादुर पाण्डेले आरोपदावी बमोजिम परीक्षाको परिणाम फेरवदल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरुलाई सोही दफा वमोजिम कसुरको मात्रा अनुसार प्रतिवादी परशुराम कोइरालालाई ६ महिना कैद र रु.८०००।—(आठ हजार रुपैया) जरिवाना, अर्का प्रतिवादीहरु बच्चुराम पाण्डे, टेकनाथ ढकाल, राजेश्वर न्यौपाने, ईन्दिरा तिवारी भन्तना र राम वहादुर पाण्डेलाई कसुरको मात्रा अनुसार जनही ४ महिना कैद र रु.६०००।—(छ हजार रुपैया) जरिवाना हुने ठहर्छ ।प्रतिवादीहरु परशुराम कोइराला र टेकनाथ ढकालको हकमा सोही ऐनको दफा २४ बमोजिम जनही ३ महिना थप कैद हुने ठहर्छ । अन्य प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा, चिन्तामणि पोखरेल, गोविन्द ढकाल र तारा प्रकाश पौडेल उपर लगाईएको आरोपदावी बस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकेकोले यी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>प्रतिवादीहरुले अनुसन्धानको क्रममा कसुरमा सावित रही वयान गरेता पनि अदालतमा वयान गर्दा कसुरमा ईन्कार रही गरेको वयानलाई नै प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा, चिन्तामणि पोखरेल, गोविन्द ढकाल र तारा प्रकाश पौडेल लाई कसुरवाट सफाई दिने मुल आधार लिएको देखिन्छ ।<br>**<u>प्रतिवादी चैतन्यप्रसाद शर्माको हकमा</u>**<br>प्रतिवादी चैतन्यप्रसाद शर्माका विरुद्ध | • प्रतिवादीहरु परशुराम कोईराला, बच्चुराम पाण्डे, टेकनाथ ढकाल, राजेश्वर न्यौपाने, ईन्दिरा तिवारी भन्तना र राम वहादुर पाण्डेले आरोपदावी बमोजिम परीक्षाको परिणाम फेरवदल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरुलाई सोही दफा वमोजिम कसुरको मात्रा अनुसार प्रतिवादी परशुराम कोइरालालाई ६ महिना कैद र रु.८०००।—(आठ हजार रुपैया) जरिवाना, अर्का प्रतिवादीहरु बच्चुराम पाण्डे, टेकनाथ ढकाल, राजेश्वर न्यौपाने, ईन्दिरा तिवारी भन्तना र राम वहादुर पाण्डेलाई कसुरको मात्रा अनुसार जनही ४ महिना कैद र रु.६०००।—(छ हजार रुपैया) जरिवाना हुने ठहर्छ ।प्रतिवादीहरु परशुराम कोइराला र टेकनाथ ढकालको हकमा सोही ऐनको दफा २४ बमोजिम जनही ३ महिना थप कैद हुने ठहर्छ भनी आरोपदावी वमोजिम कसुर कायम गरी सजाय भएको देखिएकोले निज प्रतिवादीहरुको हकमा पुनरावेदन गर्नु पर्ने अवस्था देखिएन ।<br>• प्रतिवादीहरुले अनुसन्धानको क्रममा कसुरमा सावित रही वयान गरेता पनि अदालतमा वयान गर्दा कसुरमा ईन्कार रही गरेको वयानलाई नै प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा, चिन्तामणि पोखरेल, गोविन्द ढकाल र तारा प्रकाश पौडेललाई कसुरवाट सफाई दिने मुल आधार लिएको सम्वन्धमा हेर्दा प्रतिवादीहरुले अनुसन्धानको क्रममा स्वंयमको हस्त लिखित वयान गर्दा कसुरमा सावित रहि सहअभियुक्तलाई पोल गरी वयान गरेको देखिन्छ। उक्त वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) र ९क. वमोजिम प्रमाणमा लिन पर्ने अवस्था देखिन्छ। त्यस्तै प्रतिवादीहरुले अदालतमा ईन्कारी वयान गरेता पनि सो वयानलाई पुष्टि गर्ने आधार प्रमाण पेश गर्ने दायित्व प्रतिवादीको नै हुने भनि प्रमाण ऐन, २०३१ को दफा २७ को व्यवस्था रहेकोमा प्रतिवादीहरुको ईन्कारी वयानको प्रमाण पेश गर्न सकेको देखिदैन ।त्यस्तै पुष्परत्न भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको मुद्दामा "घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि प्रमाणित भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालत समक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मुल्यमा प्रश्न उठाउन नमिल्ने ।" (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा केवल प्रतिवादीहरुले सजायवाट बच्न अदालतमा कसुरमा इन्कारी वयान गरेको आधारमा प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा, चिन्तामणी पोखरेल, गोविन्द ढकाल र तारा प्रकाश पौडेललाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>• त्रि.वि सेवा आयोगको मिति २०७५।८।१५ गतेको वैठकको निर्णयानुसार शाखा अधिकृत पदको कोडिङ्ग/डिकोडिङ्ग आयोगको कर्मचारी श्री वच्चुराम पाण्डे र इन्दिरा भन्तनाद्धारा गराउने, अन्य पदहरुको कोडिङ्ग/डिकोडिङ्ग आयोगको कर्मचारी परशुराम कोइराला र वच्चुराम पाण्डेद्धारा गराउने, उक्त कोडिङ्ग गरेको अर्धकट्टी शाखा अधिकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आरोपदावीको एउटा आधारको रुपमा सहप्रतिवादीको पोललाई लिएको पाईन्छ। सहप्रतिवादीहरु परशुराम कोइराला र गोविन्द प्रसाद ढकालले मौकाको बयानमासम्म पोल गरी परीक्षाको परिणाम फेरबदल गर्न लगाएको भनेको देखिन्छ। अन्य सहप्रतिवादीहरुको पोल उजुर रहेको छैन। यी प्रतिवादीहरुको मौकाको बयान अदालतमा खण्डित भएको छ।अब, सहप्रतिवादीको पोलको प्रमाणिक मुल्य के हुने? भन्ने प्रश्नका सन्दर्भमा हेर्दा सहअभियुक्तले प्रहरीमा गरेको पोल अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नआएमा त्यति नै प्रमाणको भरमा कसूर ठहर गर्न नमिल्ने (ने.का.प.२०४८ अंक ९ नि.न.४३६३) भनी सर्वोच्च अदालतबाट व्याख्या भएको पाइन्छ। प्रतिवादी परीक्षाको परिणाम फेरबदल गर्नमा संलग्न रहेको भन्ने कुरा मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुनसकेको देखिंदैन। त्यसैले उल्लिखित नजिर सिद्धान्त समेतका आधारमा प्रतिवादी चैतन्यप्रसाद शर्माले परीक्षण भैसकेको उत्तरपुस्तिकामा पुन नम्बर थपघट गर्न लगाइ प्रत्यक्ष संलग्न रहेको भन्ने आरोप पुष्टि हुनसक्ने देखिंदैन।<br>त्यस्तै निजले परीक्षाको आन्तरिक कार्यविधि पालना गराउन नसकेको, परीक्षालाई स्वच्छ र नियमसँगत गराउन आवश्यक पहल गर्न नसकेको भन्ने पनि आरोपपत्रको बेहोरा रहेको देखिन्छ। जिम्मेवारीमा बसेको कारणले प्रतिवादीले आपराधिक दायित्व निर्वाह गर्नुपर्ने हो कि त भनी बिचार गर्दा मुलुकी अपराध संहिता २०७४ को दफा ३० मा सँगठित संस्थाबाट भएको कसूरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने भन्ने प्रावधान अन्तर्गत कुनै पनिसँगठित संस्थामा कानुनबमोजिम कसूर मानिने काम भएमा वा कसैले गरेमा वा गराएमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ भन्ने | वाहेकका पदहरुको प्रथम कोडको अर्धकट्टी अध्यक्ष चैतन्य प्रसाद शर्मा र दोश्रो कोडको अर्धकट्टी सदस्य चिन्तामणि पोखरेलको जिम्मेवारीमा रहने र शाखा अधिकृत पदको प्रथम कोडको अर्धकट्टी आयोगको कर्मचारी वच्चुराम पाण्डेको जिम्मेवारीमा रहने र दोश्रो कोडको अर्धकट्टी चिन्तामणि पोखरेको जिम्मेवारी रहने निर्णय भएको देखिई एकै व्यक्तिलाई कोडीङ्ग/डिकोडिङ्गको जिम्मेवारी समेत दिएको देखिएकोसमेतवाट प्रस्तुत मुद्दाको वारदात हुनको लागि यि प्रतिवादीहरु वच्चुराम पाण्डे, इन्दिरा भन्तना, परशुराम कोइराला, चैतन्य प्रसाद शर्मा, चिन्तामणी पोखरेल सवैको मिलोमतो र योजनावाट नै परिक्षाको परिणाम फेरवदलको वारदात सम्भव भएको देखिएकोमा कोडिङ्ग/डिकोडिङ्ग र कोडको अर्धकट्टी राख्ने समान हैसियत भएका मध्ये प्रतिवादीहरु वच्चुराम पाण्डे, इन्दिरा भन्तना, परशुराम कोइरालालाई कसुर कायम गरी सजाय गरी अन्य प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा र चिन्तामणी पोखरेललाई सफाई दिने गरी भएको फैसलाको प्रमाणको मुल्याङ्कनको रोहमा त्रुटी पूर्ण भई बदर भागि छ ।<br>• त्रिभुवन विश्वविद्यालय सेवा आयोग सेवा आयोगको कार्यालयको आन्तरिक कार्य विधि/निर्देशिका को दफा १९(६) मा “संपरीक्षण गराउँदा सामान्यतया ३ जना(कम्तीमा पनि २ जना) विशेषज्ञको समिति वनाई गराउनु पर्नेछ। भनि स्पष्ट कानूनी व्यवस्था रहेकोमा सोको प्रतिकूल हुने गरी वदनियति राखी प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा, चिन्तामणी पोखरेल, तारा प्रकाश पौडेल, परशुराम कोइरालासमेतको आपसि मिलोमतो योजनामा कानूनी सल्लाहाकार पदको उत्तरपुस्तिकाहरु Code No.७३३, ७३८ र ७४० समेतको समपरिक्षण विना एक जना विशेषज्ञ तारा प्रकाश पौडेलवाट मात्र समपरिक्षण गराई समपरिक्षक ताराप्रकाश पौडेलेले सोही कार्यविधि/निर्देशिकाको दफा १९ (३) बमोजिम प्रतिवेदन समेत नदिई/नलिई सोही समपरिक्षको आधारमा Code No.७३८ का परिक्षार्थीको परीक्षकले दिएको अंक ३७ लाई काटी अंक थप गरी ५२ बनाएको, Code No.७३३ का परिक्षार्थीको परीक्षकले दिएको अंक ५८ लाई घटाई ५० र Code No.७४० का परिक्षार्थीको परीक्षकले दिएको अंक ५२ लाई घटाई ५० बनाएकोमा सोहीको आधारमा लिखित परिक्षाको नतिजा नै प्रकाशन भएको देखिएकोमा उक्त व्यहोरालाई प्रतिवादी ताराप्रकाश पौडेलले अनुसन्धानको क्रममा स्वंयमको हस्त लिखित वयान र ततिम्बा वयान तथा अदालतको वयानमा स्वीकार गरी वयान गरेको, उक्त वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क), दफा १० र दफा १८ बमोजिम प्रमाण योग्य भएकोले प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा, चिन्तामणी पोखरेल, तारा प्रकाश पौडेलको कसुर कायम भई नै रहेको अवस्थामा प्राप्त प्रमाणको उचित मूल्याङ्कन नगरी प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा, चिन्तामणी पोखरेल, तारा प्रकाश पौडेलसमेतलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण छ ।<br>• प्रतिवादी गोविन्द ढकालले अनुसन्धानको क्रममा स्वंयको हस्त लिखित वयानमा Answer Key (कुन कस्तो उत्तरले कति अंक दिने भन्ने बुझिने) दिएको थिएन, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कानुनी प्रावधान रहेको छ। प्रकृयागत वा कार्यविधिगत त्रुटी भएकोमा मात्र भ्रष्टाचार भएको भन्न मिल्दैन (ने.का.पा.२०७६, अंक६, नि.न.१०२८५) भनी व्याख्या भएको पाइन्छ। त्यसैले प्रतिवादी चैतन्यप्रसाद शर्मा उपरको आरोपदावी पुष्टी हुनसक्ने देखिदैन।<br>**प्रतिवादी चिन्तामणी पोखरेलको हकमा**<br>यी प्रतिवादीका विरुद्धमा पनि सहप्रतिवादी परशुराम कोइरालाले आयोग समक्ष ततिम्बा बयान गर्दा पोल गरेको र निजले अदालत समक्ष उपस्थित भई बयान गर्दा मौकाको उक्त बयान बेहोरालाई इन्कार गरेको अवस्था छ। निजले गरेको उक्त पोलका विषयमा यस अघि नै चर्चा भइ त्यसलाई स्वतन्त्र प्रमाणको रुपमा ग्रहण गर्ने नसकिने भन्ने निष्कर्ष रहेको छ। त्यस्तै यी प्रतिवादी पनि सेवा आयोगको सदस्यको हैसियतमा उक्त परीक्षामा संलग्न रहेको देखिंदा जिम्मेवारीमा रहेको आधारमा दायित्व निर्वाह गर्नुपर्ने अवस्था हुन्छ। उत्तरपुस्तिकाको कोडिङ डिकोडिङको अर्धकट्टी यी प्रतिवादीका साथमा रहेको भन्ने देखिए पनि यी प्रतिवादीले त्यसको दुरुपयोग गरेको भन्ने प्रष्ट आरोपदावी देखिदैन। निजका हकमा पनि फौजदारी दायित्व अरु व्यक्तिमा सर्न नसक्ने भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्वान्त आकर्षित हुने भई यी प्रतिवादी उपरको आरोपदावी पुग्न सक्ने देखिदैन।<br>**प्रतिवादी गोविन्द ढकालको हकमा**<br>अदालत समक्षको बयानको सवाल जवाफ १९ मा आयोग समक्ष गरेको सवाल जवाफ १८ को बयान बेहोरा आयोगका कर्मचारीहरुले नै तपाईले यो बेहोरा लेख्नुहोस भनी मलाई दवाव दिएकोले उक्त बेहोरा निजहरुले भने अनुसार उल्लेख गरेको हुँ भनी आयोग समक्ष गरेको उक्त बयान बेहोराको खण्डन गरेको देखिन्छ।<br>प्रतिवादीले परीक्षण गरेका उत्तरपुस्तिकामा केही | प्रश्नहरुको Theme आधारमा उत्तर पुस्तिका परीक्षण गरेको। कापी परीक्षण गर्दा मैले दिएको सक्कल अंक पनि छन र फेरवदल भएको अंकहरु त्रि.वि सेवा आयोग कै कर्मचारी र पदाधिकारीले प्रधानमन्त्रि वा पार्टी वा विधार्थी युनियन वा अन्यको मानिस भनेर अंक थप्न लगाएर थपेको हो, पहिले दिएको अंक नै मूल अंक हो, कापि काटेर बुझाए पछि फेरी वोलाएर नै फेरवदल गर्न लगाएको हो भनि कसुरमा सावित रहि सहअभियुक्तहरु त्रि.वि पदाधिकारी चैतन्य प्रसाद शर्मा, चिन्तामणी पोखरेलसमेतलाई पोल गरी वयान गरेको देखिन्छ भने अदालतमा वयान गर्दा अ.दु.अ.आ समक्ष गरको वयानको स.ज १८ वाहेक अरु वयान मेरो हो भनी स्वीकार गरी वयान गरेको देखिन्छ ।उक्त वयान व्यहोरा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क), दफा १० र दफा १८ बमोजिम प्रमाण योग्य देखिन्छ । प्रतिवादी गोविन्द ढकालले केरमेट गरी अंक थप गरेको उत्तर पुस्तिकाहरु नै उत्तिर्ण भएको देखिएकोवाट निजको वयान व्यहोरा समर्थन भई नै रहेको अवस्था देखिएवाट प्रतिवादीहरुको कसुर कायम भई नै रहेको अवस्थामा प्राप्त प्रमाणको उचित मुल्याङ्कन नगरी प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा, चिन्तामणी पोखरेल, गोविन्द ढकालसमेतलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण छ ।<br>• समान कार्य, तथ्य प्रमाणहरु भएका प्रतिवादीहरु राम बहादुर पाण्डे, टेकनाथ ढकाल, राजेश्वर न्यौपानेलाई आरोप दावी वमोजिम कसुर कायम गरी सजाय समेत गरी सके पश्चात प्रतिवादीहरु तारा प्रकाश पौडेल र गोविन्द ढकाललाई समेत कसुर कायम गरी सजाय गर्नु पर्नेमा प्रमाणको उचित मुल्याङ्कन नगरी प्रतिवादीहरु तारा प्रकाश पौडेल र गोविन्द ढकाललाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदर भागि छ ।<br>• सेवा आयोगको संरचनामा अध्यक्ष १ जना सदस्य र १ जना लोकसेवा आयोगको प्रतिनिधि गरी ३ जना रहने ब्यवस्था भएकोमा लोक सेवा आयोगका प्रतिनिधिका रुपमा माननीय ब्रह्मदेव राय रहनुभएको देखिन आयो । परीक्षा सञ्चालन सम्बन्धमा लोक सेवा आयोगका प्रतिनिधिको राय सुझाव महत्वपूर्ण रहने सन्दर्भमा प्रस्तुत विज्ञापन नं. १८/२०७३/०७४ सँग सम्बन्धित हालसम्म बसेका १६ वटा बैठकमध्ये लोक सेवा आयोगका प्रतिनिधि ब्रह्मदेव राय जम्मा ४ बैठकमा मात्र उपस्थित रहनुभएको पाईयो । यसमध्ये पनि परीक्षा सम्बन्धी महत्वपूर्ण कामहरु (सुचना प्रकाशन, प्रश्नपत्र निर्माण, मोडरेशन, लिखित परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण/संपरीक्षण, कोडिङ्ग/डिकोडिङ्ग, नतिजा प्रकाशन लगायत) सँग सम्बन्धित बैठकहरुमा उहाँको उपस्थिती देखिदैन । यसका अतिरिक्त सेवा आयोगले परीक्षा संचालनका क्रममा तोकिएको नियम कानुनको पालना समेत गरेको पाईएन । त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयको आन्तरिक कार्यविधिको दफा १७ बमोजिम उत्तरपुस्तिका परीक्षण गराउँदा परीक्षकलाई अनुसूची १ बमोजिमको अनुरोधपत्र र दक्षले पालन गर्नुपर्ने शर्तहरु उल्लेख गरी नियुक्तिपत्र दिनुपर्नेमा कतिपय परीक्षकहरुलाई सो पत्र उपलब्ध गराइएन। परीक्षणमा एकरुपता ल्याई मूल्याङ्कनलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | स्थानमा पहिले दिएको नंम्बरमा सानोतिनो थपघट भएको देखिए पनि अस्वाभाविक केरमेट भएको देखिदैन। भ्रष्टाचारको कसूर ठहर हुनको लागि बदनियत पुष्टी हुनुपर्छ। बदनियत भन्ने कुरा कर्ताले गरेको कामबाट देखिने हुँदा यी प्रतिवादीको कार्य सामान्य र स्वभाविक देखिएको, निजले मौकामा गरेको बयान मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पुष्टी हुन नसकेको देखिदा यी प्रतिवादीका विरुद्धको आरोपदावी पुग्न सक्ने देखिएन।<br>**<u>प्रतिवादी सहप्रध्यापक ताराप्रकाश पौडेलका हकमा</u>**<br>निर्देशिकामा रहेको प्रावधान पालना गराउने जिम्मेवारी व्यवस्थापनमा रहनेमा व्यवस्थापनले १ जनाबाट मात्रै सम्परीक्षण गराएको देखिन्छ। यसमा सम्परीक्षण गर्ने व्यक्तिले तोकिएका कार्य गर्ने हो, निजले सम्परीक्षक तोक्ने होईन। यसरी, प्रतिवादी कसूरमा इन्कार रहेको र निजले गरेको सम्परीक्षणमा नम्बर थपघट गर्दा केरमेट नगरेको र नम्बर थपघट गर्न नपाइने भन्ने कानुनी प्रावधान समेत नदेखिदा निजका हकमा आरोपदावी पुग्न सक्ने देखिएन। | विश्वसनीय (reliable) बनाउन परीक्षकलाई प्रश्नपत्र संगै अङ्कन गर्ने कुञ्जी (Marking Scheme/Answer Key) उपलब्ध गराउनुपर्नेमा सो समेत गरेको पाईएन जसका कारण मूल्याङ्कनमा वस्तुनिष्टता (objectivity) कायम हुन सकेको देखिएन । यसै गरी उक्त कार्यविधिको दफा १८ बमोजिम उत्तरपुस्तिकाहरु रुजु गराउने र यसरी रुजु गर्दा केही छुट देखिएमा सम्बन्धित परीक्षकलाई नै बोलाई सच्याउन लगाउनुपर्ने वा संपरीक्षण समिति मार्फत सच्याउन लगाउनुपर्नेमा त्यो नियमको पटक्कै पालना गरेको पाईएन। कार्यविधिको दफा १९ बमोजिम उत्तरपुस्तिकाहरु रुजु गर्दा कुनै त्रुटी देखिएमा वा शंकास्पद लागेमा त्यस किसिमका उत्तरपुस्तिकाहरुलाई संपरीक्षण वा पुनः परीक्षण गराउनु पर्ने भन्ने प्रष्ट व्यवस्था हुँदा हुँदै त्यस किसिमको त्रुटी देखिएका कुनै पनि उत्तरपुस्तिकाहरुको पुनः परीक्षण नगरिनु र केहीको मात्र संपरीक्षण गरिनु, संपरीक्षण गर्नेले समेत विज्ञताको प्रयोग नगरी नियतबस अङ्क थपघट गरेको देखिनु र यस्तो गलत कामलाई रोक्न पहल गर्नुको सट्टा आयोगकै निर्देशनमा यस्तो काम भएको भन्ने ब्यहोरा आयोगका कर्मचारी परशुराम कोईराला, परीक्षक गोविन्द ढकाल एवं संपरीक्षक टेकनाथ ढकालको बयानबाट देखिएकोले प्रतिवादी चैतन्य प्रसाद शर्मा र चिन्तामणि पोखरेलको कसुर पुष्टि भई नै रहेको अवस्थामा प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नगरी प्रतिवादीहरु चैतन्य प्रसाद शर्मा र चिन्तामणि पोखरेललाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण छ ।<br>• प्रतिवादी चैतन्य प्रसाद शर्मा जिम्मेवारीमा बसेको कारणले आपराधिक दायित्व निर्वाह गर्नुपर्ने हो कि त भनी बिचार गर्दा मुलुकी अपराध संहिता २०७४ को दफा ३० मा सँगठित संस्थाबाट भएको कसूरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने भन्ने प्रावधान अन्तर्गत कुनै पनिसँगठित सस्थामा कानुनबमोजिम कसूर मानिने काम भएमा वा कसैले गरेमा वा गराएमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ भन्ने कानुनी प्रावधान रहेको छ। त्यसैले प्रतिवादी चैतन्यप्रसाद शर्मा उपरको आरोपदावी पुष्टी हुनसक्ने देखिदैन भनी प्रतितवादीलाई सफाई दिने आधार लिएको सम्वन्धमा हेर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ मा “संगठित संस्थाबाट भएको कसुरमा मुख्य भई काम गर्नेले कसुर गरेको मानिने” भनी सम्वन्धित विशेष ऐनमा कानूनी व्यवस्था रहेको देखिएको र मुलुकी अपराध संहिता, २०७४ को दफा ५ मा विशेष ऐनको व्यवस्था लागु हुने भनी स्पषट कानुनी व्यवस्था रहेकोमा सोलाई अन्देखा गरी सामान्य कानून अन्तर्गत मुलुकी अपराध संहिता, २०७४ को दफा ३० को असान्दर्भिक कानुनी प्रावधानलाई आधार लिई प्रतिवादी चैतन्य प्रसाद शर्मालाई सफाई दिएको देखिएकोले उक्त फैसला कानूनी व्याख्याको रोहमा त्रुटि पूर्ण भई बदर भागि छ ।<br>• प्रक्रियागत वा कार्यविधिगत त्रुटी भएकोमा मात्र भ्रष्टाचार भएको भन्न मिल्दैन भन्ने (ने.का.पा.२०७६, अंक६, नि.न.१०२८५) व्याख्याको आधारमा प्रतिवादी चैतन्य प्रसाद शर्मालाई कसुरवाट सफाई दिने गरी भएको फैसलाको आधार हेर्दा प्रस्तुत विषयमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | एकै व्यक्तिलाई कोडिङ्ग/डिकोडिङ्गको जिम्मेवारी दिने, समपरीक्षक कम्तिमा २ जना विशेषज्ञलाई तोकिनु पर्नेमा १ जनालाई मात्र जिम्मेवारी दिने, निजलाई नियुक्ति पनि नदिई, प्रतिवेदन समेत प्राप्त नगरी सोही परिक्षाको थपघट गरेको अंकको आधारसमेतमा नतिजा प्रकाशन गर्ने, थप गरिएका परीक्षार्थीहरु नै उत्तिर्ण भएको देखिएकोवाट प्रस्तुत वारदातमा सामान्य प्रक्रियागत वा कार्यविधिगत त्रुटि मात्र भएको नभएको नभई बदनियत राखी भ्रष्टाचार गरेको पुष्टि भएको अवस्थामा भ्रष्टाचार जस्तो विषयमा सामान्यकरण गरी प्रकृयागत वा कार्यविधिगत त्रुटी भएकोमा मात्र भ्रष्टाचार भएको भन्न मिल्दैन (ने.का.पा.२०७६, अंक६, नि.न.१०२८५) भनी व्याख्या भएको पाइन्छ भन्ने आधार लिई प्रतिवादी चैतन्य प्रसाद शर्मालाई कसुरवाट सफाई दिने गरी फैसला त्रुटिपूर्ण भई बदर भागी छ।<br>• यसै सन्दर्भमा सार्जन पाण्डे वि. नेपाल सरकार भएको मुद्दामा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहारबाट देखिने हुन्छ" "कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ ।" (स.अ.बु, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णांक ४१७, पृष्ठ १९ ) भनी सर्वोच्च अदालतवाट फैसला भएकोले उक्त फैसालाको प्रतिकूल हुने गरी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने गरी विशेष अदालत काठमाडौबाट भएका उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>• शिक्षक मथुरा ढकालसमेत विरुद्ध नेपाल सरकार भएको परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको नि.नं.१०१४२ मुद्दामा "भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" भनी सर्वोच्च अदालतवाट फैसला भएकोले उक्त फैसालाको प्रतिकूल हुने गरी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने गरी विशेष अदालत काठमाडौको उक्त फैसला त्रुटिपूर्ण छ भई बदरभागी छ। |
| २ | शिवचन्द्र केवट सहनी (वि.अ. को मु.नं. ०७७-CR-००३९, वि.अ. को फैसला मिति २०७९।३।२०) | **घूस रिसवत लिई भ्रष्टाचार गरेको।** | प्रतिवादी शिवचन्द्र केवट सहनीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा विगो रु.४,००,०००।- कायम गरी ऐ ऐनको दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) | **<u>फैसला:</u>** सफाई<br>**<u>आधार</u>**<br>• सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने। | क. प्रस्तुत मुद्दाको उजुरी निवेदनमा मिति २०७७/६/२२ गते जातीय विभेद मुद्दामा सन्तराम लोनियासमेत ५ जना पक्राउ परी इलाका प्रहरी कार्यालय वुटवलको हिरासतमा पक्राउ परी थुनामा रहेको अवस्थामा निज प्रहरी हवल्दार शिवचन्द्र सहनीले मुद्दामा सहजीकरण गरी छिटो हिरासतमुक्त गराइदिने भनी सो बापत रु. चारलाख घुस/रिसवत माग गरेको र मिति २०७७/६/२९ गते निज सन्तराम लोनिया जिल्ला अदालत रूपन्देहीबाट रु.२०,०००।- धरौटीमा छुटे पश्चात् पनि मैले खर्च गरी छुटाएको हो भन्दै फोन गरी धम्क्याउँदै रकम माग गरेको उल्लेख गरेकोमा निवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम हुन। | • ठाकुरबहादुर खत्री विरुद्ध नेपाल सरकार (०७६-CR-०००४) मुद्दामा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने।<br>• टेलिफोन मोबाइलफोनजस्ता अन्य स्वतन्त्र प्रमाणको पनि कानूनी दृष्टिकोणबाट महत्त्व नहुने।<br>• पहिले काम भएको अवस्थामा पछि रकम माग गरेको भनी उजुरी दिनु पूर्वाग्रहको सङ्केत हो भनी दीपककुमार कार्की विरुद्ध नेपाल सरकार (०७४-CR-१२४१) मुद्दामा व्याख्या भएको छ। घुस रिसवत मुद्दामा सेवा प्रदायक व्यक्तिबाट सेवा प्रदान गर्न सेवाग्राहीले घुस रिसवत दिन बाध्य हुनुपरेको अवस्था देखिनुपर्छ तर यो मुद्दामा सो अवस्था नरहेको। अनुसन्धान र अदालतसमक्षको बयानमा प्रतिवादी कसूरमा इन्कारी रहेको। | तथा अनुसन्धानको क्रममा तयार कागजातहरूको व्यहोरा ठीकसाँचो हो भनी बकपत्रमा निवेदकहरू दीपक लोनिया र सन्तराज लोनियाले लेखाएकोबाट उजुरी व्यहोरा समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको हुँदा प्रतिवादीलाई सफाइ दिने गरी गरिएको फैसला त्रुटिपूर्ण छ।<br>ख. उजुरी निवेदकले उजुरी निवेदनसँगै प्रतिवादीसँगको कुराकानीको अडियोसमेत पेश गरेको। अडियोमा स्पष्टसँग आफ्नी श्रीमतीलाई रकम दिनु भनी संवाद रहेको। साथै, भइसकेको कामका लागि यी प्रतिवादीले रकम माग गरेको पत्यारलायक नभएको भनी फैसलामा उल्लेख गरी निज प्रतिवादीले आफूले रकम दिएर निवेदकको काम गराइदिएको भनी उक्त काम वापत रु चारलाख माग गरेको व्यहोरा अडियो संवादमा स्पष्ट हुँदाहुँदै पनि दीपककुमार कार्की विरुद्ध नेपाल सरकार (०७४-CR-१२४६) को फैसला उद्धरण गरिनु कीमार्थ उचित देखिदैन।<br>ग. सम्मानित सर्वोच्च अदालतले मिति २०७८/१/८ मा उत्प्रेषण रिट (०७४-WC-००२०) को सन्दर्भमा गरेको आदेशको व्यहोरामा "न्याय निरुपण गर्दा हाल मुद्दाको सुनुवाइ अन्तिम भइनसकेका वा न्यायीक प्रकृयामा रहेका विवादका सन्दर्भमा अमान्य बदर घोषित अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधानअनुसार सङ्कलित रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, केवल यही कारणबाट मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन्। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी उल्लेख भएको। सर्वोच्च अदालतको उपर्युक्त आदेशबमोजिम मिसिल संलग्न अन्य प्रमाण विश्लेषण गरी फैसला गर्नुपर्नेमा सो गरेको नदेखिँदा सङ्कलित अन्य प्रमाणको भार शून्य हुन्छ भनी प्रस्तुत मुद्दाका प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>घ. अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० बमोजिम आयोगले उपलब्ध गराएको रकम र सो रकम बरामद भएको बरामदी मुचुल्का, रङ्गेहात मुचुल्कासमेतका प्रमाणहरू प्रमाणको रूपमा ग्राह्य हुन नसक्ने अवस्थामा सम्मानीत सर्वोच्च अदालतबाट प्रतिपादित रिट (०७४-WC-००२०) को फैसलामा उल्लिखित अन्य प्रमाणहरूको उपलब्धतातर्फ विचार गर्दा उजुरीकर्ताको निवेदन, निजको सनाखत कागज, अदालतमा गरेको बकपत्र, निवेदक र प्रतिवादीको बीचमा भएको वार्तालाप, प्रतिवादीले मौका तथा अदालतमा गरेको बयान, स्कृप्ट राइटिङ सुनी प्रतिवादीले गरेको सनाखत बयान एवम् वादी/प्रतिवादीको तर्फबाट उपस्थित साक्षीहरूको बकपत्रसमेतका मिसिल संलग्न अन्य प्रमाणहरूको सापेक्षतातर्फ विचार गरेर न्याय निरोपण गर्नुपर्ने देखिन्छ। प्रतिवादीले उजुरीकर्तासँग बार्गेनिङ गरेर रकम माग गरेको तथ्य उजुरी निवेदन, निजको बकपत्र, स्कृप्ट राइटिङसमेतले पुष्टि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरिरहेको अवस्थामा प्रतिवादीलाई विशेष अदालतबाट सफाई दिई भएको फैसला त्रुटिपूर्ण भई बदरयोग्य रहेको छ।<br>ङ. प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने भनी उल्लेख गरिएको छ।(ने.का.प. २०६७, अङ्क ४, निर्णय नं. ८३४०)।यी प्रतिवादीकी श्रीमती निर्मला केवटले बोकेको झोलाबाट उक्त रकम बरामद भएकोमा मौकामा निजले उक्त रकम आफ्नो श्रीमान्ले राख्न दिएको भनेकी छिन्।यसरी निजको झोलाबाट रकम बरामद भएको अवस्थामा कसैले उक्त रकम निजको झोलामा जबरजस्ती राखिदिने अवस्था नरहेको प्रष्ट देखिन्छ।<br>च. निवेदक र प्रतिवादीबीचको रेकर्डेड आवाज प्रतिवादीले अनुसन्धानका क्रममा उक्त आवाज आफ्नो नरहेको भन्न नसकेको।रामबहादुर थापा विरुद्ध नेपाल सरकार भएको मुद्दामा विद्युतीय माध्यमबाट सङ्कलित कुराहरूलाई व्यवस्थित र नियमन गर्ने सम्बन्धमा कानूनले थप प्रष्ट मार्गनिर्देशन गर्नु आवश्यक छ; यस पक्षमा खासगरी प्रमाण लिने कुरामा केही अप्रष्टता रहेको कारणबाट द्विविधा उत्पन्न हुन सक्ने अवस्था पनि रहेको छ तर यसको तात्पर्य सि.डी. लगायत विद्युतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने अवश्य होइन। विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास र थपिएका अनेकौं नवीनतम् आयामहरूलाई न्याय निरुपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने भनी व्याख्या भएको छ (ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०)।श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३) व्याख्या गरेको अवस्था छ।निज प्रतिवादीले घूस रकम मागी स्वीकार गरी निजकी श्रीमतीलाई रकम राख्न दिएको र श्रीमतीको झोलाबाट उक्त रकम बरामद भएको अवस्थामा निज प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ।वारदातको तादात्म्यता स्कृप्ट राइटिङबाट स्थापित भइरहेको अवस्थामा स्कृप्ट राइटिङलाई प्रमाणको रूपमा लिन मिल्ने नै देखिन्छ।राष्ट्रसेवक कर्मचारीले सर्वसाधारण जनता वा सेवाग्राहीसँग रकम मोलमोलाई, सौदेवाजी गर्न मिल्ने हो, होइन?त्यसतर्फ अदालतले विचार गरेको देखिदैन।स्कृप्ट राइटिङ व्यहोराले प्रतिवादीलाई रकम हस्तान्तरण गर्नु अगावै वार्ता र मोलमोलाई भएको देखिन्छ।प्रमाण ऐन, २०३१ को दफा १३क बमोजिम प्रतिवादीले निवेदकसँग घुस रकम माग गरेको अडियो सिडीको व्यहोरा प्रमाणमा लिन मिल्ने नै देखिन्छ। |